
# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार


**सम्पादकीय,**

मिति २०७६/१२/०३ गते "गण्डकी प्रदेशको कोरोना रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धि साप्ताहिक समाचारपत्र"बाट सुरुवात भएको यस साप्ताहिक समाचार पत्र आज छैठौं बर्षमा प्रवेश गरेको छ। कोरोना बिरुद्धको अभियानमा नागरिकलाई सूचना तथा जानकारी प्रदान गर्ने उद्धेश्यले सुरुवात गरिएको यस साप्ताहिकले हाल गण्डकी प्रदेशभित्र संचालन भएका स्वास्थ्य सम्बन्धि क्रियाकलापहरुलाई समेट्दै यो १८८ औं अंक प्रकाशन हुन सम्भब भएको छ। यस अवस्थामा पुर्याउन सहयोग गर्नुहुने सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्मा, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्कालाई हृदयदेखि नै धन्यबाद दिन चाहन्छु। कार्यक्रम संचालन पश्चात फोटो र सुचना सामाग्री प्रदान गरि सहजता प्रदान गर्नुहुने गण्डकी प्रदेशका स्वास्थ्य कार्यालयहरु, आयुर्बेद स्वास्थ्य केन्द्रहरु, अस्पतालहरु, गैरसरकारी संस्थाहरु, प्रहरी कार्यालयहरु, स्थानीय पालिका अन्तर्गत रहेका स्वास्थ्य चौकी तथा अस्पतालहरुलाई बिशेष-बिशेष आभार ब्यक्त गर्न चाहान्छु। आगामी दिनहरुमा पनि यहाँहरुको साथ सहयोगको लागि सधैं समन्वयमा रहिरहने प्रतिबद्धता व्यक्त गर्न चाहान्छु।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा भिरकोट अस्पताल, स्याङ्गजाको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखा सम्पन्न भएको छ। भिरकोट अस्पताल, स्याङ्गजाको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखामा ४१% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा स्याङ्गजा अस्पतालका मेशु डाक्टर रुक्मिना अधिकारि, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र न्युनतम सेवा मापदण्ड कार्यन्वयन अधिकृत उर्मिला बरालको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कार्यक्रमको अध्यक्षता भिरकोट नगरपालिकाका मेयरले गर्नुभएको थियो भने नगरपालिकाका उपाध्यक्ष, वार्ड अध्यक्षहरुको समेत बिशेष उपस्थितिमा प्रस्तुतिकरण कार्यक्रम सम्पन्न भएको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा जिल्ला समन्वय समितिका प्रमुख श्रीप्रसाद जि.टी.को अध्यक्षता र प्रमुख जिल्ला अधिकारी सुनिता नेपालको आतिथ्यमा आ. व. २०८०/०८१ को अर्धवार्षिक समिक्षा गोष्ठी कार्यक्रम संचालन भएको छ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र, खर्बाङ, बाग्लुङ्गमा सुरक्षित सुत्केरी सेवा नियमित संचालनमा रहेको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




रघुगंगा गाउँपालिका, म्याग्दीको ५ नं वडालाई पूर्ण खोप सुनिश्चितता तथा दीगोपना वडा घोषणा गरिएको छ।




साथै रघुगंगा गाउँपालिका, म्याग्दीको २ नं वडालाई पूर्ण खोप सुनिश्चितता तथा दीगोपना वडा घोषणा गरिएको छ।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा मिति २०८० साल चैत्र महिनाको २१ र २२ गते संचालन भएको जिल्ला स्तरमा आ.व. २०८०/८१ को नियमित खोप, दादुरा-रुबेला खोप अभियान र सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा तथा नियमित खोपको सुक्ष्म योजना अद्यावधिक गोष्ठी संचालन भएको छ। अन्नपूर्ण गाउँपालिका , मालिका गाउँपालिका र मंगला गाउँपालिकाको स्वास्थ्य शाखा र अन्तर्गतको स्वास्थ्य संस्थाको प्रमुख तथा प्रतिनिधिको सहभागितामा सम्पन्न भएको छ। यस कार्यक्रम दादुरा रुबेला खोप अभियानको SWOT मा आधारित समिक्षा भएको छ र नियमित खोप कार्यक्रमको प्रगति, Dropout, खोप खेर जाने दर, सरसफाई प्रवर्धन कार्यक्रमको सिकाई, सुक्ष्म योजना अधावाधिक अभिमुखीकरण, VPD Surveillance र आगामी दिनमा खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी तवरले कसरि अगाडी लैजाने विषयमा छलफल गरि सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा यस जिल्ला अन्तर्गतका ११ वटा स्थानीय तह मध्ये कालीगण्डकी गाउँपालीका आ.ब २०७९/८० मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको मुल्याङ्कनमा जिल्लामा दोस्रो र गण्डकी प्रदेश अन्तर्गतका ८५ स्थानीय तह मध्ये बाह्रौं स्थान हासिल गर्न सफल भएकोमा स्वास्थ कार्यालयले प्रशंसा पत्र प्रदान गरिएको छ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार





धौलागिरी अस्पताल, बाग्लुङ्गमा कार्यरत रेडियो टेक्नोलोजिष्ट बिमल कुंवरलाई एक समारोहका विच विदाइ गरिएको छ। लोक सेवा आयोगको स्थायी पदमा नाम निकाली पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सिफारिस हुनु भएकोले अस्पतालको तर्फवाट थप प्रगतिको कामना सहित विदाई गरिएको हो। अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डाक्टर रवि रंजन प्रधानले उहाँलाई थप सफलताको शुभकामना व्यक्त गर्नु भयो।



धौलागिरी आयुर्बेद औशधालय बागलुङको आयोजनामा जैमिनी नगरपालिका आयुर्वेद शाखा दमेक आयुर्बेद औषधालय वडा नम्बर ४ को कार्यलय सर्कुवा, नागरिक आरोग्य समूह सर्कुवा को स्थानिय ब्यबस्थापनमा जैमिनी नगरपालिका ४ न.वडा कार्यलय भवनमा स्वस्थ्य प्रबर्द्धनमा गृहिणीहरुका लागि भान्सा सुधार कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा स्थानिय नागरिक सहित ५० जना सहभागी उपस्थित हुनुभएको थियो भने एक दिने कार्यक्रम मा ४ वटा आयुर्बेद सेवा, भन्साका जडिबुटी, स्वस्थ्य जीवनशैली र भन्साका खनिज एवम जडिबुटी को प्रयोग महत्व सहित सहभागी को रक्तचाप जाँच एवम रगतमा ग्लुकोजको मात्राको जाँच गरिएको थियो।




भंगरा स्वास्थ्य चौकी, पर्बतको आयोजनामा चैत्र महिनाको नियमित खोप, वृद्धि अनुगमन, नियमित खोप सेवा मार्फत सरसफाइ प्रवर्द्धन कार्यक्रम सेसन-३ तथा २०८० माघ महिनामा मा २ बर्ष मुनिका सम्पूर्ण बालबालिकाहरूको वृद्धि अनुगमन गर्दा स्वस्थ तर अलि जोखिममा जान लागेकोलाई अन्डा लगायत स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




मेरो स्वास्थ्य मेरो अधिकार भन्ने मुल नाराका साथ ७६ औ विश्व स्वास्थ्य दिवसको अवसरमा बडिगाड गाउँपालिकाको आयोजना, काठमाण्डौ मेडिकल कलेजको प्राविधिक सहयोग र प्रदेश सभा सदस्य माननीय जित बहादुर शेरचन र माननिय डिल्लीराम सुवेदीको समन्वयमा निशुल्क विशेषज्ञ स्वास्थ्य शिबिर सम्पन्न भएको छ।



विगत डेढ बर्ष देखि मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी ब.शु.पू. प्रशासन शाखामा कार्यरत नवराज पौडयालको फेरी भेटौला तथा अन्य कर्मचारीहरुको स्वागत कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य कार्यालय, तनहुँको आयोजनामा बिश्व स्वास्थ्य दिवसको अबसरमा बिबिध कार्यक्रम गरि मनाईएको छ।



मादी गाउँपालिका, कास्कीको आयोजनामा निःशुल्क आँखा जाँच शिविर मादी १० भाचोक स्वास्थ्य चौकी, कास्कीमा संचालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की




फापरथुम स्वास्थ्य चौकी, स्याङ्गजाको आयोजनामा "मेरो स्वास्थ्य मेरो अधिकार" भन्ने नारका साथ ७६ औं विश्व स्वास्थ्य दिवसको अवसरमा जोखिम समुदायमा रहेको जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण सहित नसर्ने रोग र नसर्ने रोगबाट बच्ने उपायहरु बारेमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको छ।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा दर्वाङ आधारभुत अस्पताल, म्याग्दी र बेनि अस्पताल, म्याग्दीमा परिवार नियोजन स्थायी बन्ध्याकरण शिविर र दर्वाङ आधारभुत अस्पतालमा महिला तथा प्रसुति रोग सम्बन्धि शिविर सम्पन्न भएको छ। स्थायी बन्ध्याकरण शिविरमा मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी ब.शु.पू.का मेशु डाक्टर जितेन्द्र कंडेल र महिलाको शिविरमा बेनि अस्पताल, म्याग्दीका मेशु डाक्टर अन्जु थापाले सेवा प्रदान गर्नुभएको थियो।



गलकोट नगरपालिका, बाग्लुङ्गको आयोजनामा ७६ औं विश्व स्वास्थ्य दिवसको अवसर पारी स्वास्थ्यकर्मी स्तरीय मैत्रीपूर्ण फुटबल प्रतियोगिता तथा स्क्रिनिङ शिविर सम्पन्न भएको छ।



हुग्दिशिर स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा "मेरो स्वास्थ्य मेरो अधिकार" भन्ने नाराका साथ ७६ औं विश्व स्वास्थ्य दिवसको अवसरमा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा ५ बर्ष मुनीका बालबालिकाहरुको पोषणको जाँच कार्यक्रम दलिन बरेङ गा.पा. वडा नं २ मा सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




"मेरो स्वास्थ्य, मेरो अधिकार" भन्ने नारका साथ ७६औं विश्व स्वास्थ्य दिवसको अवसरमा स्वास्थ्य कार्यालय, पर्वतको आयोजना र पर्वत अस्पतालको समन्वयमा सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरुमा नसर्ने रोगको स्क्रीनिङ तथा स्वास्थ्य परिक्षण र परामर्श कार्यक्रम स्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख प्रविण शर्माको अध्यक्षता, जिल्ला समन्वय प्रमुख विष्णु राम वि.क.को प्रमुख आतिथ्यता र प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद आचार्यको विशिष्ट आतिथ्यमा एबम जिल्ला स्थित सम्पूर्ण कार्यलयका प्रमुखहरु, कर्मचारीहरु, सुरक्षा सुरक्षाकर्मीहरु र संचारकर्मीहरूको उपस्थितीमा सम्पन्न भएको छ।



उक्त कार्यक्रममा १६५ जनाको उचाई, तौल, उचाई तथा तौल अनुसार शरीरको मोटोपन (BMI), रक्तचाप, मधुमेह र पिसाबमा प्रोटिन मात्राको स्क्रिनिङ गरीएको थियो, जसमध्ये ६५% (१०८ जना) मा मोटोपन, २६% (४३ जना) मा उच्च रक्तचाप र २% (४ जना) मा मधुमेह देखिएको थियो भने नियमित स्वास्थ्य जाँच, नियमित व्याम, खानपान शैलीमा व्यवस्थापन गर्ने जस्ता चिकित्सक परामर्श दिईएको थियो।



विश्व स्वास्थ्य दिवस- २०२४ को अवसरमा "मेरो स्वास्थ्य, मेरो अधिकार" आदर्श वाक्य सहित धौलागिरी आयुर्वेद औषधालय, बागलुङ र स्वास्थ्य कार्यलय, बागलुङको संयुक्त आयोजनामा मानव सेवा आश्रम, बागलुङमा नसर्ने रोग स्क्रीनिङ, खकार परिक्षण एवम् जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम सन्चालन गरी विश्व स्वास्थ्य दिवस मनाईएको छ। कार्यक्रमको अवसरमा आश्रममा आश्रय लिएर बसेका असाहय, अशक्त र बिरामी सहित सबै आश्रितहरुको स्वास्थ्य परीक्षण एवं स्वास्थ्य परामर्श सहित आयुर्वेद रसायन औषधि वितरण गरिएको थियो। कार्यक्रममा ४० जना आश्रितहरूलाई स्वास्थ्य सेवा प्रदान गरिएको थियो।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




बिहु स्वास्थ चौकी, बाग्लुङ्गको आयोजनामा विश्व स्वास्थ्य सेवा दिवसको अवसरमा संचालित जेष्ठ नागरिकहरुका लागि सामान्य स्वाथ्य परिक्षण तथा नसर्ने रोगको स्कृनिङ काठेखोला गाउँपालिका ६ मा संचालन भएको छ।



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, म्याग्दीको आयोजनामा स्थानीय जडिबुटीबाट पहिचान संरक्षण र प्रयोगका लागी अभिमुखीकरण कार्यक्रम मंगला-१, कुहु, म्याग्दीमा सम्पन्न भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



गोरखा अस्पतालले आफ्नो ५१ औ बार्षिक उत्सव विविध कार्यक्रम गरी मनाएको छ। शनिवार सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम गरिएको कार्यक्रममा अस्पतालले दिदैं आएको सेवा, भावी योजना, चुनौती लगायतका बारेमा निमित्त मेडिकल सुपरिटेण्डेन्ट डाक्टर सिद्धार्थ खनालले प्रस्तुती सहित सजिकरण गर्नुभएको थियो। अस्पताल व्यवस्थापन समिति अध्यक्ष लालप्रसाद श्रेष्ठको अध्यक्षता तथा जिल्ला समन्वय समिति प्रमुख मोहनबहादुर थापाको प्रमुख अतिथ्यतामा भएको कार्यक्रममा गोरखा नगरपालिकाका मेयर कृष्ण राना, कांग्रेसका जिल्ला सचिव किशोरजंग थापा, नेकपा माओवादी केन्द्रका ध्रुव भट्ट, अस्पताल व्यवस्थापन समितिका पुर्व अध्यक्ष मोहनलाल श्रेष्ठ, पत्रकार महासंघका कार्यवहाक अध्यक्ष नरेन्द्र ढकाल लगायतले मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा कर्मचारीहरु, पत्रकारहरु, लगायत अन्य सरोकारवालाहरुको समेत उपस्थिति रहेको थियो।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार





मुक्तिनाथ तिर्थयात्रीको स्वास्थ्य चेकजाँचमा नेपाल प्रहरी: चैते दशैंको औंशी तिथिमा मुक्तिनाथ तिर्थयात्रा जाने आन्तरिक तथा बाह्य पर्यटक/ तिर्थयात्रीहरुलाई मध्यनजर गरी गण्डकी प्रदेश प्रहरी कार्यलयले स्वास्थ्य शिविर सञ्चालन गरेको छ। तिर्थयात्रामा जाने यात्रुहरु लाई लेक लाग्ने, अक्सिजनको कमिहुने, ढल्ने आदि समस्याबाट मानविय क्षेति बेहोर्नु नपरोस भन्ने उद्देश्यका साथ उक्त शिविर सञ्चालन गरिएको हो। चैत्र २५ गते बाट मुस्ताङ जिल्लाको घरपझोङ गाँउपालिका-४ मा रहेक पर्यटक चेकपोष्टमा सञ्चालन गरिएको उक्त शिविरमा पर्यटकहरुको स्वास्थ्य विस्तृत रुपमा चेकजाँच गरी ठिक भएमा मात्र तिर्थ यात्रामा पठाईन्छ अन्यथा उनिहरुलाई स्वास्थ्य उपचारको शिविरमा रोकिन्छन भने Altitude Sickness भएका पर्यटकहरुलाई औषधि उपचार गराएर पठाईन्छ। उक्त शिविरले विगतमा बर्षहरुमा वेहोर्नुपरेको मानविय क्षति कम हुने अपेक्षा गण्डकी प्रदेश प्रहरी कार्यालयले लिएको छ । गण्डकी प्रदेश प्रहरीको फेसबुकबाट साभार

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार





गण्डकी प्रदेश प्रहरी कार्यलय, पोखराको आयोजनामा चैते दशैको औंशी तिथिमा मुक्तिनाथ तिर्थयात्रा जाने आन्तरिक तथा बाह्य पर्यटक/ तिर्थयात्रीहरुलाई मध्यनजर गरी स्वास्थ्य शिविर सञ्चालन भएको छ। शिविरले विगतमा बर्षहरुमा वेहोर्नुपरेको मानविय क्षति कम हुने अपेक्षा गण्डकी प्रदेश प्रहरी कार्यालयले लिएको छ।



**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



ईलाका प्रहरी कार्यालय, हुवास पर्वतको आयोजनामा पैयु गाउँपालिका वडा नं. ४ स्थित सामुदायिक सेवा केन्द्रको सभाहलमा सोही केन्द्रका अध्यक्ष लाल बहादुर प्रधानको अध्यक्षतामा स्थानिय जनप्रतिनिधी, आमा समुह, टोल सुधार समिति, भद्रभलादमी तथा स्थानिय व्यक्तिहरुको उपस्थितिमा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सार्वजनिक स्थान तथा सवारी साधनमा हुने हिंसा सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन भएको छ।



सामुदायिक प्रहरी सेवा केन्द्र, कुश्मा, पर्वतको आयोजनामा कुश्मा नगरपालिका वडा नं. ५ बडगाँउ,पर्वत स्थित स्थानिय व्यक्तिहरुको उपस्थितमा सामुदायिक प्रहरी साँझेदारी कार्यक्रम अन्तर्गत लागूऔषध सम्बन्धी लघुसचेतनामूलक कार्यक्रम संचालन गर्नुको साथै सचेतनामुलक पर्चा पम्प्लेट समेत बितरण कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




पैंयूँ गाँउपालिका, पर्वतको आयोजनामा टकलाक स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड मापन तथा मातृ सुरक्षा चक्की सम्बन्धी समिक्षा कार्यक्रम टकलाक स्वास्थ्य चौकी स्वास्थ्य संचालक समितिका अध्यक्ष पैंयूँ गाँउपालिका वडा नं. १ का वडा अध्यक्ष मिन प्रसाद न्यौंपानेको अध्यक्षता, स्वास्थ्य चौकी स्वास्थ्य संचालक समितिका सदस्यहरू एवंम टकलाक स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूको सक्रिय उपस्थितिमा सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, लमजुङको आयोजनामा "खोप कार्यक्रमको समीक्षा एवम छुट खोपको पहिचान, पुर्ण खोप सुनिस्चितता दिगोपना र सूक्ष्म योजना तयारी योजनाको योजना तर्जुमा गोष्ठी" सबै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, खोप फोकल पर्सन तथा स्वास्थ्य संस्था प्रमुखहरुको उपस्थितिमा सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका खोप फोकल पर्सन एक नारायण लम्साल, स्वास्थ्य कार्यालय, कास्कीका यम बरालले सहजिकरण गर्नुभएको थियो।



आधारभूत स्वास्थ्य सेवाकेन्द्र खर्बाङ्ग, बाग्लुङ्गको आयोजनामा घरदैलो सुत्केरी र नवजात शिशु स्वास्थ्य जाँच सेवा नियमित रुपमा संचालन भइरहेको छ।



ढोरपाटन नगरपालिका, बाग्लुंगको आयोजनामा बिश्व स्वास्थ्य दिवस (April 7,2024) को अवसरमा समुदाय स्तरमा घरदैलो क्षयरोग(TB)खोजपडाल कार्यक्रम बोबाङमा संचालन भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




स्वास्थ्य कार्यालय, लमजुङको आयोजनामा दादुरा रुबेला खोप अभियान २०८०/८१ मा सामाजिक मिडिया परिचालन तर्फ प्रथम स्थान हासिल गर्नुहुने सिउरुङ सामुदायिक स्वास्थ्य इकाइ, मर्स्याङ्दीका अनमी खुशिमाया गुरुङलाई सम्मान गरिएको छ। स्वास्थ्य कार्यालय, लमजुङका प्रमुख प्रविण कुमार खनाल, मर्स्याङ्दी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत अर्जुन चपाइ, स्वास्थ्य शाखा प्रमुख लुल बहादुर घले तथा मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका स्वास्थ्य सन्स्थाका खोप फोकल पर्सन स्वास्थ्यकर्मीहरुको उपस्थितिमा पुरस्कार प्रदान गरिएको छ। अभियानलाई सफल बनाउन आफ्नो स्थानबाट महत्वपुर्ण भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण स्वास्थ्यकर्मी, जनप्रतिनिधी, सन्चारकर्मी तथा सरोकारवाला सबैलाइ स्वास्थ्य कार्यालयको तर्फबाट हार्दिक आभार प्रकट गरिएको छ। यस अभियानमा कुल ९४८० जना ९ महिना देखि ५ बर्स भित्रका बालबालिकाले दादुरा रुबेला खोपको अतिरिक्त मात्रा लगाएका छन। लमजुङले हासिल गरेको १४०.८% उपलब्धी समेत रहेको छ।



पाङराङ स्वास्थ्य चौकी, फलेवास नगरपालिका ११ पाङराङ निबासी सिर्जना कुवरले सुत्केरी सेवा लिनुभएको छ।

**सुरक्षित प्रसूति गराउन स्वस्थ्य संस्थामा नै जाँउ।**




**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की




स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको आयोजनामा एम्बुलेन्स चालकहरूका लागि Pre Hospital Care तालिम संचालन भएको छ। तालिमको मुख्य प्रशिक्षकहरूमा डाक्टर शंकर लामिछाने, डाक्टर हेमन्त बास्तोला र सरस्वति बराल रहनुभएको थियो ।



**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



ग्वास्लुङ्ग सामुदायिक स्वास्थ्य इकाई, तनहुँको आयोजनामा आर्थिक वर्ष २०८०/८१ को दोस्रो चरणको १३ औं हप्ता अर्थात २०८०/८१ को (अन्तिम साता) २६औं हप्ता १० देखि १९ वर्षका किशोरिहरुलाइ आइरन तथा फोलिक एसिड वितरण कार्यक्रम अन्तर्गत ऋषिङ्ग गाउपलिका वडा नः २ स्थित ग्वास्लुङ्गका बिद्यालय बाहिर र बिद्यालयमा अध्ययन गरेका किशोरिहरुलाइ बिद्यालय बन्द रहेको समयमा पनि महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीका सिर्जना मल्ल घर घरमा गइ आइरन तथा फोलिक एसिड वितरण गर्नुभएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# सामाहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**पर्वत अस्पताल**
कुश्मा, पर्वत

मिति २०८०।१२।२६

**ओ पी डी सेवा विस्तार सम्बन्धि सूचना**

यस पर्वत अस्पताल, कुश्मामा तपशिल वमोजिम ओ.पी.डी. सेवा विस्तार गरिएको व्यहोरा सम्बन्धित सबैलाइं जानकारीका लागि अनुरोध छ ।

**तपशिलः**

- सेवा विस्तारको समय : विहान ७:०० बजे देखी साँझ ७:०० बजेसम्म ।
- यो सेवा विस्तारको समयमा सेवा लिन आउंदा कुनै पनि थप शुल्क लाग्ने छैन ।
- स्वास्थ्य विमितहरुलाई स्वास्थ्य वीमा मार्फत नै सेवा उपल्वध हुनेछ । स्वास्थ्य विमा कार्ड अनिवार्य रुपमा लिएर आउनुपर्नेछ ।
- शनिवार र सार्वजनिक विदाको दिन यो सेवा उपल्वध हुनेछैन तर इर्मेजेन्सी सेवा २४ सै घण्टा उपलब्ध हुनेछ ।
- विशेष लाभग्राहीहरु:
  - कर्मचारी वर्ग : आफ्नो दैनिक कार्यालय समय छोड्न नपर्ने ।
  - विद्यार्थी वर्ग : आफ्नो कक्षा / अध्ययन छोड्न नपर्ने ।
  - ज्याला मजदुर वर्ग : आफ्नो दैनिकी ज्याला /मजदुरी छाड्न नपर्ने ।
  - व्यापार व्यवसायी वर्ग : आफ्नो व्यपार व्यवसाय असर नपर्ने गरी आउन मिल्ने ।
- अपेक्षाकृत विशेष /थप लाभ :
  - १२ घण्टा ओ.पी.डी. समय हुने हुदाँ चिकित्सक तथा सेवग्राहीहरु विचको परामर्श सेवा मा यथेष्ट समय मिल्ने,
  - विहानै खालि पेटमा रगत परिक्षण गर्नुपर्ने सवै सेवाग्राहीहरुलाई सहज हुने ।
  - भिडभाडमा कमी भई सेवाग्राहीहरु लामो समय लाइन वस्नुपर्ने समस्या हल हुने ।
  - ओ पी डी रेफर हुनुपर्ने विरामीहरुले समयमै रिफर भई जान पाउने ।
- सेवा विस्तारको मिति : मिति २०८० चैत्र २७ गते देखी लागु हुने ।

डा. हेमन्त वाँस्तोला
मेडिकल सुपरिटेण्डेन्ट

फोनः ०६७-४२०४१४
इमेलः parbathospital@gmail.com
ठेगानाः कुश्मा न.पा. ५ पर्वत
गण्डकी प्रदेश, नेपाल






थोचे स्वास्थ्य चौकी, मनाङ्गको आयोजनामा "मेरो स्वास्थ्य, मेरो अधिकार" को नारा सहित "विश्व स्वास्थ्य दिवस २०८०" बिबिध कार्यक्रम संचालन भएको छ।



नसर्ने रोगको स्क्रिनिङ्ग @ पिपलटारी स्वास्थ्य चौकी, पर्बत

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेशको आयोजनामा कुष्ठरोग निदान सम्बन्धी प्रयोगशालाकर्मीका लागि तालिम म्यानुअल लगायतका सामग्री तयार गर्ने सम्बन्धी गठित समितिको बैठक सम्पन्न भएको छ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेशका महानिर्देशक मनमोहन मिश्रको अध्यक्षता तथा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्माको प्रमुख आतिथ्यतामा समितिले तयार गरेको उक्त तालिम म्यानुअल लगायतका सामग्रीको ड्राफ्ट प्रस्तुतीकरण भई ड्राफ्ट उपर छलफल भएको थियो। उक्त छलफल पश्चात बैठकमा उपस्थित विज्ञबाट सुझाब संकलन गरिएको थियो। उक्त ड्राफ्टलाई थप सम्पादन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला समक्ष पेश गर्ने गरी मन्त्रालयका महाशाखा प्रमुख सुरज गुरौको संयोजकत्वमा एक कार्यदल गठन भएको छ। उक्त कार्यदलले तोकिएको कार्यशर्त अनुसार २०८१ बैशाख ५ गतेसम्ममा अन्तिम मस्यौदा पेश गर्नेछ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा Value Clarification and Attitude Transformation on Safe Abortion (VCAT) सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा सहभागिहरुले गर्भपतन सम्बन्धी मूल्यमान्यताहरू स्पष्ट पार्न, गर्भपतन बारेका तथ्यहरू, अनुमानहरू र मिथकहरूको अन्तर छुट्टाउन, गर्भपतन सेवा लिन चाहने सेवाग्राही, उनका परिवारका सदस्यहरू र अरू समाजका सरोकारवालालाई सही सूचना प्रवाह गर्न, गर्भपतन सेवा उपलब्ध गराउँदा वा यसबारे पैरवी गर्दा व्यक्त विचारहरू व्यक्तिगत हुन कि पेसागत हुन भन्ने छुट्टाउन, गर्भपतन गर्ने महिला, उनका परिवार र गराउने स्वास्थ्यकर्मी प्रति सह-अनुभूति व्यक्त गर्न सक्ने वनाउने उदेश्यले कार्यक्रम संचालन गरिएको थियो। उक्त कार्यक्रममा जम्मा २१ जना सहभागिहरुको (जसमा सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने सुचिकृत संस्थाका सेवा प्रदायकहरु र महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरु, पत्रकार, प्रहरी) उपस्थिति रहेको थियो। कार्यक्रममा सहजिकरण तथा प्रशिक्षण स्वास्थ्य कार्यालय बागलुङका पब्लिक हेल्थ नर्सिङ निरीक्षक शिमा कुवँर र स्वास्थ्य कार्यालय, पर्वतका पब्लिक हेल्थ नर्सिङ निरीक्षक सुमन शर्माले गर्नुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा तथा मोदी गाउँपालिकाको सहकार्यमा स्वास्थ्यकर्मिहरूलाई Morbidity Mapping and Disability Prevention (MMDP ) को तालिम मोदी गाउँपालिकाका अध्यक्ष हिरादेवि शर्माको अध्यक्षतामा र प्रमुख प्रशासकीय अधिकृत राम प्रसाद शर्माको आतिथ्यतामा सम्पन्न भएको छ। उक्त कार्यक्रममा पर्वत अस्पतालका मेसु डाक्टर हेमन्त वास्तोला र स्वास्थ्य कार्यालय, पर्वतका कार्यक्रमका संयोजक तेज प्रसाद सुवेदिले प्रशिक्षण गर्नु भएको थियोभने संचालन मोदी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख उमेश कुमार अधिकारीले गर्नुभएको थियो। कार्यक्रममा ३० जनाको सहभागीता रहेको थियो।




**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**




स्याङ्जा अस्पताल, स्याङ्जाको आयोअजनामा स्वागत तथा फेरि भेटौंला कार्यक्रम संचालन भएको छ।



राम्जा तिलाहार स्वास्थ्य चौकी, पर्वतको आयोजनामा मोदि गाउपालिका वडा न ६ थामर्जुङ, पर्वतमा नसर्ने रोग विरुद्धको स्वास्थ्य शिबिर संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




स्वास्थ्य कार्यालय, तनहु र आबुखैरेनी गाउपालिकाको समन्वयमा आबुखैरेनी गाउपालिका वडा न ६ प्युघरमा ईम्पान्ट, आ.यु.सि.डि, पाठेघरको मुखको क्यान्सर जाच, भिडियो एक्स रे, नियमित जाच सेवा संचालन भएको छ। शिबिरमा आबुखैरेनी अस्पतालमा कार्यरत MDGP डाक्टर डि.बि क्षेत्री, डाक्टर अबिनाश रौनियारले नियमित जाच गराउनु भएको थियो।



"स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्णखोप वडा सुनिश्चितता हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ रघुगंगा गाउँपालिका, म्याग्दीको ३ नं. वडालाई पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना घोषणा समारोह वडा ३ अन्तर्गतका जनप्रतिनिधीहरु, स्वास्थ्य शाखा प्रमुख एवं स्वास्थ्य शाखाका कर्मचारीहरु, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु, स्थानीय क्लवका प्रमुख तथा प्रतिनिधिहरु, वडा ३ अन्तर्गतका कर्मचारीहरु, आमा समूह प्रतिनिधिहरु, स्थानीय विद्यालयका शिक्षकहरु, महिला सामुदायीक स्वास्थ्य स्वयसेविकाहहरु, स्वास्थ्यकर्मीहरु, पिस्कोर स्वयंसेवक एवं विभिन्न सरोकारवालाहरु लगायतको उपस्थितिमा सम्पन्न गरिएको छ। उक्त घोषणा समारोहमा चालु आ.व. को चैत्र महिना सम्ममा वडा ३ अन्तर्गतका ०-१५ महिना सम्मका कुल ५० जना बालबालिकाले राष्ट्रिय खोप तालिका बमोजिम खोप पाइरहेको र घरधुरी सर्वेक्षणमा १६-५९ महिनाका कूल जम्मा १५८ बालबालिकाले पूर्णखोप प्राप्त गरेको सुनिश्चित गरिएको हुँदा उक्त कार्यको प्रशंसा गर्दै ३ नं. वडा कार्यालय र राखुपिप्ले स्वास्थ्य चौकीलाई प्रमाणपत्र प्रदान गरिएको थियोभने आगामी दिनमा समेत पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना वडा कायम राख्ने प्रतिबद्धता व्यक्त गरि उपस्थित सम्पूर्णले प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुभएको थियो।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार


**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



टुकुचे स्वास्थ्य चौकी, मुस्ताङको आयोजनामा गर्भवती दर्ता तथा अनुगमन सम्बन्धी महिला सामुदायीक स्वास्थ्य स्वयसेविकाहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



गण्डकी प्रदेश मै पहिलो पटक गण्डकी प्रदेश सरकारको प्रदेश स्वास्थ्य आपूर्ति ब्यबस्थापन केन्द्रले संक्रामक तथा सरुवा रोग अस्पतालमा Sterilizer Shredder Machine जडान गरि संचालनमा ल्याएको छ। अस्पतालबाट उत्पादन हुने सक्रमित फोहोर मैलालाई संक्रमणरहित बनाई फोहोर मैला व्यवस्थापनमा आधुनिक आयाम कायम हुनेछ।




**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की




हुग्दीशिर स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा कुपोषित बालबालिका खोजपडताल कार्यक्रम संचालन भएको छ।




नागरिक आरोग्य समिति माछापुच्छ्रे गाउँपालिका, कास्कीको समन्वयमा माछापुच्छ्रे गाउँपालिका -६ धितालमा वडाध्यक्ष टेकनाथ गौतमको संयोजकत्वमा ७ सदस्य वडा नागरिक समुह गठन भएको छ।



गैंडाकोट नगरपालिका, नवलपरासी ब.सु.पू.को आयोजनामा क्षयरोग मुक्त अभियान अन्तर्गतको कार्यक्रम गैडाकोट-२ मा संचालन भएको छ।




विहादी गाउँपालिका, पर्वतको आयोजना र काठमाडौं मेडिकल कलेजको प्राविधिक सहयोजमा बृहत स्वास्थ्य शिविर संचालन भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की




निसी स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा "मेरो स्वास्थ्य मेरो अधिकार "भन्ने मुल नाराका साथ ७६ औं बिश्व स्वास्थ्य दिवसको अवसरमा निसीखोला गाउँपालिका वडा नं. ६ अन्तर्गत Zoonotic diseases (ढाड भएका जनावरबाट मानिसमा सर्ने रोग) सम्बन्धि स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेबिका तथा जनसमुदायहरु बीच अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



थासाङ गाउपालिका, मुस्ताङ्गको आयोजनामा गर्भवती दर्ता तथा अनुगमन कार्यक्रम (Pregnancy Registration And Tracking Program) थासाङ गाउपालिका अन्तर्गत वडा नं. ३ र ४ का महिला सामुदायिक स्वास्थ्य स्वयम् सेबिकाहरु लाई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।




**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार



मनाङ ङिस्याङ गाउँपालिका, मनाङ्गको आयोजनामा "मेरो स्वास्थ्य, मेरो अधिकार" को नारा सहित "विश्व स्वास्थ्य दिवस २०८०" बिबिध कार्यक्रम संचालन भएको छ।




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, म्याग्दीको आयोजनामा संगठित रुपमा योगा कार्यक्रम मालिका गाउँपालिका, म्याग्दीमा जनप्रतिनिधिहरु र कर्मचारीहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको छ।




धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङ्गमा नियमित योग अभ्यास कार्यक्रम हरेक दिन बिहान ५ बजे देखि ६:१५ सम्म संचालन भईरहेको छ।



फापरथुम स्वास्थ्य चौकी, स्याङ्गजाको आयोजनामा नसर्ने रोग सम्बन्धि कार्यक्रम संचालन भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की



"स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्णखोप वडा सुनिश्चितता हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ अन्नपूर्ण गाउँपालिकाको १ नं. वडालाई पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना घोषणा समारोह गाउँपालिका अध्यक्ष, प्रमुख प्रसासकिय अधिकृत, सामाजिक विकास संयोजक, १ नं. वडा अन्तर्गतका जनप्रतिनिधीहरु, स्वास्थ्य शाखा प्रमुख एवं स्वास्थ्य शाखाका कर्मचारीहरु, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु, स्थानीय क्लवका प्रमुख तथा प्रतिनिधिहरु, १ नं. वडा अन्तर्गतका कर्मचारीहरु, आमा समूह प्रतिनिधिहरु, स्थानीय विद्यालयका शिक्षकहरु, महिला सामुदायीक स्वास्थ्य स्वयसेविकाहहरु, स्वास्थ्यकर्मीहरु, एवं विभिन्न सरोकारवालाहरु लगायतको उपस्थितिमा भव्य रुपमा सम्पन्न गरिएको छ। उक्त घोषणा समारोहमा चालु आ.व. को चैत्र महिना सम्ममा १ नं. वडा अन्तर्गतका ०-१५ महिना सम्मका सवैवालवालीकाहरु राष्ट्रिय खोप तालिका बमोजिम खोप पाइरहेको र घरधुरी सर्वेक्षणमा १६-५९ महिनाका सवै बालबालिकाले पूर्णखोप प्राप्त गरेको सुनिश्चित गरिएको हुँदा उक्त कार्यको प्रशंसा गर्दै १ नं. वडा कार्यालय र दोवा स्वास्थ्य चौकीलाई प्रमाण-पत्र प्रदान गरिएको थियो।



सोहि कार्यक्रममा आगामी दिनमा समेत पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना वडा कायम राख्ने प्रतिबद्धता व्यक्त गरि उपस्थित सम्पूर्णले प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुभएको थियो।



स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा र चापाकोट नगरपालिकाको समन्वयमा नियमित खोप र सरसफाइ प्रबर्द्धन कार्यक्रम सुदृढीकरणको लागी समिक्षा, अभिमुखिकरण तथा सुक्ष्म योजना कार्यक्रम सम्पन्न भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
कास्की


# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार






पाङ्राङ्ग स्वास्थ्य चौकी, पर्बतको आयोजनामा महिलाहरूका लागि स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर तथा आङ्ग खस्ने समस्याको स्क्रिनिङ शिविर संचालन भएको छ।



पोखरा महानगरपालिका, वार्ड नं १६ को आयोजनामा सामुदायिक महिला स्वास्थ संयम सेविकाहरूको अध्ययन भ्रमण सम्पन्न भएको छ। वेनिको घोरेपानि हुदै पुनहिल सम्मको अध्ययन भ्रमण शिख स्वास्थ्य चौकिका सामुदायिक महिला स्वास्थ संयम सेविका बिच एक आपसमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।




दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौं । दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशवाट स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशमा निमित्त महानिर्देशकको जिम्मेवारीमा जानुभएका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक हेमन्त शर्मा पौडेलको विदाई तथा फेरि भेटौला कार्यक्रम संचालन भएको छ।





स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको आयोजनामा संचालित एम्बुलेन्स चालकहरूका लागि Pre Hospital Care तालिमको उद्घघाटन कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काले शुभकामना मन्तव्य राख्नुभएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।



हालको धुलो सहितको हावाहुरीको मौषम, बनजंगलमा हुने आगलागीको अवस्था र अन्य प्रकृतिक तथा मानव सृजित बाताबरणीय प्रदुषणका कारणले वायु गुणस्तर सूचकांक (AQI - Air Quality Index) अति नै उच्च अंकमा हुनसक्ने देखिएको हुँदा र धेरैलाई टाउको दुख्ने, आँखा पोल्ने, स्वाश फेर्न गाह्रो हुने लगायतका लक्षणहरु देखा परेको हुँदा स्वासप्रश्वास सम्बन्धित विरामीहरु बाहिर हिंडडुल नगर्न एवम् स्वस्थ्य व्यक्तिहरु पनि मास्क लगाएर हिंडडुल गर्नुहुन हार्दिक अनुरोध गर्दछौ। कुनैपनि स्वास्थ्य समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस, जथाभाबी रुपमा कुनैपनि औषधिको सेवन नगर्नुहोस। वनजंगलमा कुनैपनि डढेलो लाग्नसक्ने क्रियाकलाप हुन नदिऔ, यदि कसैले तेस्तो कार्य गर्न लागेको देखेमा तुरुन्त नजिकको प्रहरी कार्यालय वा कुनै पनि शुल्क नलाग्ने फोन १०० नं मा खबर गरि सहयोग गरिदिनुहुन सम्पुर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा बिभाग, काठमाडौंको आयोजनामा खोपबाट रोकथाम हुने रोगको निगरानी, प्रकोप तयारी, रोकथाम र नियन्त्रण कार्यशाला गोष्ठी सम्पन्न भएको छ।



बेनी अस्पताल, म्याग्दीको आयोजनामा आ.व २०७९/८० को सामाजिक लेखा परिक्षण कार्यक्रम मिलन म्याग्दीको प्राविधिक सहयोगमा सम्पन्न भएको छ।



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा "नेतृत्व विकास, जिन्सी व्यवस्थापन एवं खरिद सम्वन्धी अभिमुखीकरण कार्यक्रम" सम्पन्न भएको छ।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद विन्दु शर्माको अध्यक्षतमा संचालित यस कार्यक्रममा स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, संक्रामक तथा सरुवारोग अस्पताल, कास्कीका कार्यकारी निर्देशक डाक्टर विकास गौचन, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक डाक्टर रोशन ढकाल, मन्त्रालयका महाशाखा प्रमुखहरू चण्डीका पौडेल, सुरज गुरौ, डाक्टर रमेश केशी, गण्डकी प्रदेश सरकारका सबै अस्पतालका मेसुहरु, लेखा अधिकृतहरु, प्रशासन प्रमुखहरू, स्टोर प्रमुखहरू लगायत मन्त्रालय र निर्देशनालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रम ३ दिनसम्म चलेको थियो।




**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार






"स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्णखोप वडा सुनिश्चितता हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ रघुगंगा गाउँपालिकाको १ नं. वडालाई पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना घोषणा समारोह १ नं. वडा अन्तर्गतका वडा अध्यक्ष, जनप्रतिनिधीहरु, स्वास्थ्य शाखा प्रमुख एवं स्वास्थ्य शाखाका कर्मचारीहरु, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु, स्थानीय क्लवका प्रमुख तथा प्रतिनिधिहरु, १ नं. वडा अन्तर्गतका कर्मचारीहरु, आमा समूह प्रतिनिधिहरु, स्थानीय विद्यालयका शिक्षकहरु, म.सा.स्वा.स्व.से.हरु, स्वास्थ्यकर्मीहरु, पिस्कोर स्वयंसेवक एवं विभिन्न सरोकारवालाहरु लगायतको उपस्थितिमा सम्पन्न भएको छ। उक्त घोषणा समारोहमा चालु आ.व. को चैत्र महिना सम्ममा १ नं. वडा अन्तर्गतका ०-१५ महिना सम्मका कुल ९ जना बालबालिकाले राष्ट्रिय खोप तालिका बमोजिम खोप पाइरहेको र घरधुरी सर्वेक्षणमा १६-५९ महिनाका कूल जम्मा ६० बालबालिकाले पूर्णखोप प्राप्त गरेको सुनिश्चित गरिएको हुँदा उक्त कार्यको प्रशंसा गर्दै १ नं. वडा कार्यालय र बेगखोला स्वास्थ्य चौकीलाई प्रमाणपत्र प्रदान गरिएको थियोभने आगामी दिनमा समेत पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना वडा कायम राख्ने प्रतिबद्धता व्यक्त गरि उपस्थित सम्पूर्णले प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुभएको थियो।







**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की



धवलागिरी गाउँपलिका, म्याग्दीको वडा न. ०१ अन्तर्गत गुर्जा स्वास्थ्य चौक बाट साबिकको वडा न.१ देखि ९ वडा सम्मका १६-५९ महिनाका सम्पुर्ण बालबालिकालाई पुर्ण खोप लगाएको र सुनिश्चित गरिएको र ०-१५ महिनाको बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने खोप लगाइरहेको सुनिश्चित गरिएको हुँदा धवलागिरी गाउँपालिका खोप समन्वय समितिले प्रमाणीकरण गरि वडालाई पुर्ण खोप वडा घोषणा र दिगोपना कायम राख्नको लागी कार्यक्रम संचालन गरिएको छ।



नवलपरासी ब.शु.पू.को आयोजनामा औलोको केस बेस कन्ट्याक् ट्रेशिङ्ग कार्यक्रम संचालन भएको छ।



प्रहरी चौकी, बाच्छा, पर्वतको आयोजनामा बिहादी गाउँपालिका १ बाच्छा स्थित श्री जन कल्याण मा.वि.मा कक्षा ११/१२ मा अध्ययनरत विद्यार्थीहरुको उपस्थितिमा साईबर अपराध नियन्त्रण सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम संचालन भएको छ।



मादी गाउँपालिका, कास्कीको आयोजनामा पालिका स्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




भुलभुले स्वास्थ्य चौकी, लमजुङ्गको आयोजनामा नसर्ने रोग र मानसिक स्वास्थ्य सम्बन्धी सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



गर्भवती र २ बर्ष मुनिको बच्चाको आमाहरूलाई थप सहयोग र सम्मान गरौ, बच्चालाई ६ महिनासम्म आमाको दुध मात्र खुवाऔ र खुवाउन प्रेरित गरौ।



फापरथुम स्वास्थ्य चौकी, स्याङ्गजाको आयोजनामा गर्भवती दर्ता तथा अनुगमन कार्यक्रम सम्बन्धी महिला स्वास्थ्य स्वयं सेविका हरुका लागि २ दिने तालिम सञ्चालन भएको छ।



स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको आयोजनामा स्वास्थ्यकर्मी तथा नर्सिङ कर्मचारीहरुको लागि नेपाल परिवार नियोजन संघ, रुपन्देहीमा संचालित आठ दिने ईम्प्लाट तालिम सम्पन्न भएको छ ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र, पर्बतको एकिकृत अनुगमन संचालन भएको छ।




स्वास्थ्य बीमा बोर्ड, गण्डकीको आयोजनामा विमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ।



जलजला गाउँपालिका धाइरिङ स्वास्थ्य चौकी द्वारा पुर्ण खोप वडा सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमका लागि घर धुरी सर्बेक्षण संचालन भएको छ।

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"




**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार





स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा १ दिने सायाना प्रेस सेवा संचालन तथा विस्तार सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। जिल्लाका १० वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, नर्सिङ फोकल पर्सन तथा सेवाप्रदायकहरु गरि जम्मा २५ जना सहभागी रहेको अभिमुखिकरण कार्यक्रमको सहजिकरण पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका प्रमुख अस्पताल नर्सिङ प्रशासक कमला राना मगरले गर्नुभएको थियो। स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख, जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यले कार्यक्रमका सम्बन्धमा मन्तव्य राख्नुभएको थियो।



जलजला गाउँपालिका शाखा, पर्वतको आयोजना तथा नाग्लिबाङ स्वास्थ चौकीको समन्वय र स्वास्थ्य कार्यलय, पर्वतको सहजीकरणमा नवजात शिशु तथा बालरोगको एकीकृत ब्यवस्थापन (IMNCI) कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको अनुशिक्षण स्वास्थ्य कार्यालयमा कार्यरत IMNCI फोकल पर्सन तेज प्रसाद सुवेदी, गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरीक्षक गणेश मल्लले गर्नुभएको थियोभने उक्त कार्यक्रममा स्वास्थ्य शाखामा कार्यरत सि.अ.न.मि अन्जली बैरागी साथै स्वास्थ्य चौकी प्रमुख, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा ५ बर्ष मुनिका बालबालिकामा देखिने रोगको ब्यबस्थापनका लागि आवश्यक ज्ञान सीप बारे क्षमता अभिबृद्धि तथा recording reporting को बारेमा छलफल गरिएको थियो।

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार




राम्जा तिलाहार स्वास्थ्य चौकी अन्तर्गतका सामुदायिक महिला स्वास्थ स्वयं सेबिकाहरुको २ दिने अध्ययन अबलोकन भ्रमण कास्की जिल्लामा रहेको पुम्दीकोट शिबको मन्दिर, शान्ति स्तुपा लगायत अन्नपूर्ण गाउपालिका अन्तर्गत रहेको पर्यटकिय स्थल घान्द्रुक तथा घान्द्रुक स्वास्थ्य चौकीमा सम्पन्न भएको छ।



गण्डकी प्रदेश सरकार मातहतका तीन अस्पताल (मनाङ्ग, बेनी र स्याङ्जा) हाँकिरहेका तीन मेशुहरुसंग सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयका शाखा अधिकृत।



स्वास्थ्य कार्यालय, लमजुङको आयोजना तथा क्व्होलासोथार गाउँपालिकाको समन्वयमा महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुका लागि आधारभुत तालिम सम्पन्न भएको छ। ६० बर्षको उमेर हदका कारण सेवा निबृत्त हुनुहुने ३ जना महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई समेत स-सम्मान बिदाइ गरिएको थियो।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा कुष्ठरोगका बिरामीहरूको सक्रिय विधिबाट खोजपड्ताल सम्बन्धि अभिमुखिकरण तथा योजना तर्जुमा कार्यक्रम धौलागिरी गाँउपालिका ताकम स्वास्थ्य चौकिमा सम्पन्न भएको छ । कार्यक्रममा स्वास्थ्य कार्यालय म्याग्दीका फोकल पर्सन गणेश सुवेदी र दर्बाङ आधारभुत अस्पतालका हे.अ. एमन नेपालीले सहजिकरण गर्नुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
कास्की

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार



बागलुङ जिल्लामा, स्वास्थ्य कार्यक्रमहरुको जिल्ला स्तरीय अर्ध-वार्षिक समीक्षा आ.व.२०८०/८१ कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता स्वाास्थ्य कार्यालय बागलुङका प्रमुख बाबुराम आचार्यले गर्नुभएको थियोभने प्रमुख अतिथिको रुपमा बागलुङ नगरपालिकाका नगर प्रमुख बसन्त कुमार श्रेष्ठ, बिशेष अतिथिमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्का, अतिथिमा धौलागिरी अस्पातालका प्रमुख मे.सु. डाक्टर रविरञ्जन प्रधान, धौलागिरी आर्युवेद औषाधालयका प्रमुख डाक्टर सरद पन्थी र जिल्ला समन्वय अधिकारी कृष्णराज गौतमले गर्नुभएको थियो। कार्यक्रममा बागलुङ जिल्लाका १० स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा सहजिकरण स्वास्थ्य निर्देशनालयका प्रविण भण्डारीले गर्नुभएको थियो। सो कार्यक्रममा स्वास्थ्य सेवा प्रवाहका विभिन्न सवालहरुमा छलफल भएको थियो। स्थानीय तह र स्वास्थ्य संस्था सम्मका स्वास्थ्य सूचकहरुको विश्लेषण गरी आगामी दिनमा थप गुणस्तरीय सेवा प्रवाहको लागि प्रतिवद्धता समेत रहेको थियो ।



पेल्काचौर स्वास्थ्य चौकी, स्याङ्जाको आयोजनामा महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाहरुको लागि गर्भवती दर्ता तथा अनुगमन सम्वन्धि २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।



नारायणस्थान स्वास्थ्य चौकी, बाग्लुङको आयोजनामा वडा स्तरीय अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ। जनप्रतिनिधि, व्यवस्थापन समिति र कर्मचारीहरु लाई वर्तमान सूचकको अवस्थाका बारेमा जानकारी दिन र खस्केका सूचकहरूलाई समयमा नै सुधार गर्नका लागि उक्त कार्यक्रमको आयोजना गरिएको हो। साथमा व्यवस्थापन समितिको मासिक बैठक र गुणस्तर निर्धारण समितिको अनुगमन तथा मूल्याङ्कन र मासिक बैठक समेत सम्पन्न भएको छ।

# सााप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की




कार्यालयकाे आयोजना र वालिङ नगरपालिकाको समन्वयमा नियमित खोप र सरसफाइ प्रवद्वन् कार्यक्रम सुदृढीकरणकाे लागी समिक्षा, अभिमुखिकरण तथा सुक्ष्म योजना कार्यक्रम सम्पन्न भएको छ।



छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा स्वास्थ्य आमा समूहको बैठक संचालन भएको छ।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रूप लिन सक्दछ ।**

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



दमौली अस्पतालमा अपरेसन गरि सुरक्षित सुत्केरी गराइएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौ । दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**



# साप्ताहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की






रघुगंगा गाउँपालिका, म्याग्दीको आयोजनामा "स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चित पालिका हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ चालु आ.ब. २०८०/८१ को चैत्र महिनासम्म रघुगंगा गाउँपालिका अन्तर्गतका १५ महिना मुनिका कुल जम्मा १७१ जना मध्ये सबै बालबालिहरुलाई बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिका बमोजिम १५ महिनाको उमेरभित्र पाउनुपर्ने सम्पूर्ण खोपहरु दिलाई, १६ देखि ५९ महिना सम्मका कुल जम्मा ५९२ जना मध्ये सबै बालबालिकाहरुमा पूर्णखोपको अवस्था कायम राखी आगामी दिनमा समेत पूर्णखोप पालिका सुनिश्चतता तथा दिगोपना कायम राख्ने प्रतिबद्धता व्यक्त गर्दै रघुगंगा गाउँपालिकालाई म्याग्दी जिल्लाको पहिलो पालिकाको रुपमा पूर्णखोप पालिका सुनिश्चितता तथा दिगोपना घोषणा समारोह रगुगंगा गाउँपालिकाका अध्यक्ष एवं पालिका खोप समन्वय समिति अध्यक्ष भव बहादुर भण्डारीको अध्यक्षतामा जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला खोप समन्वय समितका अध्यक्ष राजकुमार थापाको प्रमुख आतिथ्यता र स्वास्थ्य कार्यालय, म्याग्दीका कार्यालय प्रमुख एवं जिल्ला खोप समन्वय समितका सदस्य सचिव भुवन ठकुराठी र रघुगंगा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीको विशिष्ट आतिथ्यतामा सम्पन्न गरिएको छ। उक्त समारोहमा वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधी, संघ-संस्थाका प्रतिनिधि, स्वास्थ्यकर्मी, शिक्षक एवं विद्यार्थी, आमा समूह, म.सा.स्वा.स्व.से.लगायत विभिन्न सरोकारवालाहरुको उपस्थिति रहेको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।




**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# सासाहिक समाचारपत्रिका

अंक १८८, वर्ष ६, २०८१ बैशाख २, April 14, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
कास्की





स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा फलेबास नगर अस्पताल, पर्बतको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखा सम्पन्न भएको छ। फलेबास नगर अस्पताल पर्बतको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखामा ३१% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा पर्बत अस्पतालका डाक्टर सरस्वति पौडेल, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र न्युनतम सेवा मापदण्ड कार्यन्वयन अधिकृत उर्मिला बरालको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कार्यक्रमको अध्यक्षता स्वास्थ्य शाखा प्रमुखले गर्नुभएको थियो भने नगरपालिकाका योजना शाखा प्रमुख, स्वास्थ्यकर्मीहरुको समेत बिशेष उपस्थितिमा प्रस्तुतिकरण कार्यक्रम सम्पन्न भएको थियो।




## मानसिक स्वास्थ्य : सबैको अधिकार

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"


**सम्पादक**

नवराज शर्मा

बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com